# दिव्यश्वरी हाईड्रोपावर लिमिटेड

## को

## संयुक्त एघारौं र बाह्रौ वार्षिक साधारण सभाको

## निर्णय (माइन्युट)

**१. सभा प्रारम्भः**

आज मिति २०८२।०२।०९ गते सोमबार अर्थात जुन २३, २०२५ मा यस कम्पनीको एघारौं र बाह्रौ (आ.व.२०७९/८० र आ.व.२०८०/८१) वार्षिक साधारण सभा काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३१, अन्नपुर्ण पार्टी भेन्यू, मैतीदेवी सेतोपुल, पुरानो बानेश्वरमा अध्यक्ष श्री दधिराम निरौलाज्यूको अध्यक्षतामा दिउसो १:०० बजे शुरु भई ३:०० बजे सु-सम्पन्न भयो ।

**२. सभा सम्बन्धी सूचना र प्रकाशनः**

कम्पनीको एघारौं र बाह्रौ वार्षिक साधारण सभा गर्नका लागि प्रथम पटक मिति २०८२।१।३०, दोस्रो पटक मिति २०८२।१।३१ गते र पुनः बोलाईएको वार्षिक साधारण सभाको सुचना मिति २०८२।२।२७ मा क्रमशः समचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी सभा सम्बन्धी जानकारी सम्पूर्ण शेयरधनीहरुलाई गराइएको थियो । साधारण सभा सम्बन्धी सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको सूचना पाटी तथा कम्पनीको वेबसाइट www.dibyashwarihydro.com.np मा पनि राखिएको थियो ।

**३. उपस्थितिः**

**(क) सञ्चालकहरुः**

| | | | |
|---|---|---|---|
| १. | श्री दधिराम निरौला | - | अध्यक्ष |
| २. | श्री बुद्ध कृष्ण मानन्धर | - | सञ्चालक |
| ३. | श्री खड्क बहादुर राउत | - | सञ्चालक |
| ४. | श्री मन्दिप खनाल | - | सञ्चालक |
| ५. | श्री सुनिल कुमार वस्नेत | - | सञ्चालक |

**(ख) कम्पनीका अन्य पदाधिकारीहरुः**

| | | | |
|---|---|---|---|
| १. | श्री अधिवक्ता चक बहादुर थापा | - | कानूनी सल्लाहकार |
| २. | श्री नारायण प्रसाद सुवेदी | - | कम्पनी सचिव |
| ३. | श्री सि.ए. विनय अधिकारी | - | लेखापरीक्षक |
| ४. | श्री परशु राम ढकाल | - | वित्तिय परामर्शदाता |
| ५. | श्री एनआइबिल एस क्यापिटलका प्रतिनिधि | - | प्रतिनिधि |

DIBYASHWARI HYDROPOWER LTD. ESTD. 2007

(ग) **शेयरधनीहरु:**

छुट्टै हाजिरी पुस्तीकामा संलग्न छ ।

**४. सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| **विवरण** | **कूल संख्या** | **उपस्थिति संख्या** | **उपस्थिति प्रतिशत** |
|---|---|---|---|
| शेयरधनी संख्या | २६११८ जना | ५१ जना | ०.६५ प्रतिशत |
| प्रोक्सी मार्फत कम्पनीको शेयरधनीको संख्या | १५५ जना | १५५ जना | २६.८१ |
| कम्पनीको शेयर संख्या | २६,४०,००० | २०६ जना | २७.४६ प्रतिशत |
| **कुल जम्मा** | **२६,४०,०००** | **२०६ जना** | **२७.४६ प्रतिशत** |

**५. सभाको वैधानिकता :**

(क) मिति २०८२।२।२२ मा बोलाइएको वार्षिक साधारण सभा कम्पनी ऐन २०६३ दफा ७३(२) बमोजिम बाँडफाँड भएको कुल शेयर संख्या २६ लाख ४० हजार थान शेयरको ५०% प्रतिशत भन्दा बढीको प्रतिनिधित्व र कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत उपस्थिति हुने व्यवस्था कम्पनी ऐन र स्वीकृत नियमावलीमा भएकोमा उक्त दिन श्पष्ट रुपमा गणपुरक संख्या नपुगी वार्षिक साधारण सभा स्थगन गरिएकोमा मिती २०८२।३।९ मा पुनः दोस्रो पटक बोलाईएको वार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ दफा ७३(३) बमोजिम बाँडफाँड भएको कुल शेयर संख्या २६ लाख ४० हजार थान शेयरको २५% प्रतिशत भन्दा बढि प्रतिनिधित्व र कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत उपस्थिति भई सभाको गणपूरक संख्या पुगेको हुँदा सभा रीतपूर्वक बोलाइएको सभा भनी घोषणा गरियो । अध्यक्षज्यूको अनुमतिले सभाको प्रारम्भ गरियो । सभामा निर्णायार्थ प्रस्तुत गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०७९/८० र आ.व.२०८०/८१ को लेखापरिक्षण प्रतिवेदन, आयोजनाको हाल सम्मको प्रगती प्रतिवेदन र वार्षिक आर्थिक विवरण उपस्थित सम्पूर्ण शेयरधनीहरु समक्ष वितरण गरिएको थियो । आ.व.२०७९/८० र आ.व.२०८०/८१ को वार्षिक साधारण सभाका सभाध्यक्ष श्री दधिराम निरौलाज्यू र यस कम्पनीका निवर्तमान अध्यक्ष श्री दधिराम निरौला ज्यूले मंगल धुनका साथ सभाको समुद्घाटन पानसमा बत्ति बालेर गर्नु भएको थियो भने वार्षिक साधारण सभामा उपस्थित महानुभावहरुलाई कम्पनीका शेयरधनी डमरु बल्लभ घिमिरेज्युबाट स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । राष्ट्रियता र राष्ट्रको सम्मानको लागि राष्ट्रिय गान बजाइएको थियो । आ.व.२०७९/८० र आ.व.२०८०/८१ को वार्षिक साधारण सभामा निर्णायार्थ प्रस्तुत देहायका बमोजिमका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

DIBYASHWARI HYDROPOWER LTD. ESTD. 2007

६. सभामा प्रस्तुत छलफलका विषयहरु :

(क) साधारण प्रस्तावहरु:

(१) आर्थिक वर्ष आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण छलफल गरि पारित गर्ने ।

(३) कम्पनी आर्थिक वर्ष २०८०/०८१ को लागि कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार कम्पनी रजिष्ट्रार कार्यालयबाट नियुक्त लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिकलाई अनुमोदन गर्ने सम्वन्धमा ।

(४) आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(५) सञ्चालक समितिको पदपुर्ती र स्वतन्त्र संचालकको नियुक्ती तथा अनुमोदन सम्बन्धमा ।

(६) विविध ।

(ख) विशेष प्रस्तावहरु :

(१) कम्पनीको चुक्ता पुँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन (Right Share Issue) गर्ने र सो सम्वन्धमा सम्पुर्ण कार्य गर्न गराउन संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(२) कम्पनीको हकप्रद शेयर निष्काशन (Right Share Issue) गर्दा कम्पनीको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धमा ।

(३) कम्पनीको संघियता बमोजिमको रजिष्ट्रर्ड कार्यालय परिवर्तन गर्न प्रवन्धपत्रको दफा २ र नियमावलीको नियम २ मा संशोधन गर्ने सम्वन्धमा ।

(४) कम्पनीले साझा उद्देश्य भएका अन्य इच्छुक कम्पनीसंग मर्जर/प्राप्ती सम्वन्धी सम्झौता गर्ने र उक्त कार्यका लागि संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(५) कम्पनीको हकप्रद शेयर निष्काशन (Right Share Issue) संग सम्बन्धीत कम्पनीको प्रवन्धपत्र र नियमावली तथा अन्य कानुनी संशोधन सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

(ग) विविध ।

१. यस कम्पनीको बार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणीत गर्न तथा आधिकारीक हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा ।

DIBYASHWARI ... D ... LTD.

## ७. सभामा प्रस्तुत जिज्ञासा एवं सुझावहरु :

सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूको अनुमतीले संचालक मन्दिप खनालद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन र वार्षिक वित्तीय विवरणको प्रस्तुती पश्चात उक्त प्रतिवेदनका सम्बन्धमा आफ्ना जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गर्न शेयरधनी महानुभावहरुलाई कार्यक्रम सञ्चालक अधिवक्ता चक बहादुर थापाद्वारा अनुरोध गरियो । निम्न शेयरधनीहरुले आ- आफ्नो जिज्ञासा, सुझावहरु तथा साधारण सभाको सफलता र प्रगतिका लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

**क. शेयरधनी श्री डमरु बल्लब घिमिरे :**

स्वागत भाषण मन्तब्य सहित उंहाले आफ्नो धारणा राख्ने क्रममा आयोजना हाल कठोर अवस्थामा रहेकोले संचालकहरुले आफ्नो लगानी गरी Company लाई उकासी रहनुभएको छ । तसर्थ सर्व पर्थम Right Share निकाल्ने प्रयास भएकोले बैंकको ऋण तिरी अगाडी वर्ष देखी शेयर होल्डरले Divident उपलब्ध गराउने प्रयास गर्नु पर्‍यो ।

**ख. शेयरधनी श्री उत्तम जगं पाण्डे :**

हरेक वर्ष गर्नु पर्ने साधारण सभा २।३ वर्षको फरकमा भैरहेको छ । यो नियमित हुनुपर्‍यो गत वर्षको घाटा निकै भएकोले यसलाई सुर्धान के के गर्नु पर्ने हो पहल गर्नुहोस । आयोजना मर्ज गर्ने सम्बन्धमा राम्रो कम्पनी छान्नुहोस  Right Share यथासक्य छिटो निकाल्नुहोस ।

**ग. शेयरधनी श्री. गोबिन्द बहादुर के.सी.ज्यू :**

आगामी दिनमा संचालकहरुको इमान्दारीता अनुभबले हाईड्रोपावरलाई प्रगती गर्ने छ भन्ने आशा लिएको छु । बैंकको ऋण घटाउन Right Share निकाल्न Sebon बिधुत नियमन आयोग बाट पहल गरी Right Share निकाल्नु पर्ने हुन्छ । कर्मचारी साथीहरुले सहयोग बाट प्रगतीको बाटोमा जानेछ भन्ने आशा राखेको छु ।

**घ. शेयरधनी श्री सुदिप श्रेष्ठ :**

शेयरधनिहरु Dividence  प्रतिफलको आसमा रहेका हुन्छन  केहि Return दिनुहुन अनुरोध गर्दछु । बढ्दै गरेको घाटा सुधार गर्न Right Share निकाली सर्वसाधारण लाई प्रतिफलको आशा सहित कदम चाल्नुहुन अनुरोध छ ।

**ङ. शेयरधनी श्री भेष प्रसाद भण्डारी :**

दिव्यश्वरी हाईड्रोपावरको २०७९/०८० र ०८०/०८१ बर्षिक साधारण सभा १० वटा प्रस्ताव मध्ये माइन्यूट तथा अख्तियार दिने तथा अन्य प्रस्ताबमा मेरो सहमत छ । कानुनी उल्झनहरु छन, मर्मत संभार गरी आयोजनालाई मजबुत पार्नुपर्ने हुन्छ ।

DIBYASHWARI

च. शेयरधनी श्री बैजनाथ रौनियार :

Dividence तथा प्रतिफल पाउन Company घाटामा तथा बैंकको ऋण्ले गर्दा Compaby दयनिय अवस्थामा छ । तसर्थ Right Share निकाल्न मेरो समर्थन सहित छिटो भन्दा छिटो पहल गर्नुहुन अनुरोध गर्दछु ।

छ. शेयरधनी श्री ब्रम्हदेब शाक्य :

ढिलै भएपनि साधारण सभा गरेकोमा खुसी लाग्यो । कम्पनीले बिद्युत उत्पादन गरेको लामो समय सम्म पनि प्रतिफल दिएको छैन । प्रदिवेदन अनुसार Company को Share पूजीं बराबारकै घाटा रहेको छ । Seban तथा विद्युत नियमन आयोगले के कसरी Approval दिन्छ । जे भएपनि Right Share निकाल्न अनिबार्य छ ।

ज. शेयरधनी श्री. इन्द्र प्रसाद लामिछाने :

साधारण सभा नियमित गर्न अनुरोध छ । Networth बलियो बनाउनु पर्‍यो Right Share को लागि ९० प्रतिशत Net हुनुपर्‍यो । Right Share छिटो आउनु पर्‍यो के को कारणले उक्त कार्य ढिलाई हुन पुगेको हो शेयरधनि महानुभावहरु समक्ष प्रष्ट पारीदिनुहोला ।

झ. शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठ :

प्रत्येक वर्ष A.G.M ढिलो भएपनि आज भएकोमा खुसी लाग्यो । बर्तमान संचालकहरुले पहल गरी Right Share को Process गरी बैंकको ऋण तिरेर आगामी १३ औं साधारण सभा मा खुसीको कुरा सुन्न पाईयोस शेयरधनिहरु Dividence प्रतिफलको आसमा रहेका छन् ।

ञ. शेयरधनी श्री निरुपमा गुप्ता :

हामीले हेर्दा हाईड्रोपावरहरुको Ratio कुल नाफामा घटेको छ । यसलाई Positive पार्न पहल गर्नुऱ्यो । Right Share निकाल्न पहल गर्न नितान्त आवश्यक छ । शेयरको Value बजारमा अहिले धेरै छ जसको कारण Right Share शेयर निकाल्न सजिलो पर्दछ । आयोजनाको बिस्तृत विवरणहरु शब्यदिश्यमा पनि देखाउनुहोला जसको कारणबाट शेयर धनीले आयोजनाको बारेमा वुझ्न सक्छन् । आयोजनामा हुने गरेका खर्चहरुलाईपनि घटाउनुहोस ।

ट. शेयरधनी श्री राम गोपाल मर्हजन :

हाम्रो Reserve Minuse मा छ । हाम्रो आम्दानी करिब बर्षको ८ करोड देखिन्छ । चाहे नोक्सानी होस या नाफा होस प्रत्येक वर्ष A.G.M गरियोस । मर्मत संभार गरी Power बढाउनु पर्‍यो । कर्मचारी खर्च तथा अन्य खर्चहरु घटाउने Management राम्रो हुनु पर्‍यो । Right Share निकाल्न पहल गर्नु पर्‍यो । मर्ज गर्ने सवालमा राम्रो Company हाल्न सक्नु पर्‍यो । अन्यथा झन जटिल अवस्थामा पुग्न सक्छ ।

DIBYASHWARI

ठ. शेयरधनी श्री ब्रम्हदेब शाक्य र श्री लक्ष्मण बहादुर श्रेष्ठ बाट लिखित सुझाव प्राप्त भएको थियो जसलाई कम्पनीले टिपोट अभिलेख राखेको छ ।

यी माथिका शेयरधनीबाट आएका जिज्ञासाका सम्वन्धमा कम्पनीको तर्फबाट संचालक बुद्ध कृष्ण मानन्धरबाटज्यूले जवाफ दिनु भएको थियो ।

८. पारित निर्णयहरु :

(क) साधारण प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वार्षिक प्रतिवेदन सभामा पारित गरियोस् भनि पेश गर्दा सर्वसम्मतिले पारित भयो ।

२. आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को लेखापरिक्षकको वार्षिक प्रतिवेदन र सोहि आ.व. को वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रभाव विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको संलग्न अनुसूची सहितको वार्षिक आर्थिक प्रतिवेदन पारित गरियो भनि सभामा पेश हुँदा सर्वसम्मतीबाट पारित भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट सि.ए. विनय अधिकारीज्यूलाई आ.व. २०८०/८१ को लागि लेखापरिक्षकमा नियुक्ति गरी निजको पारिश्रमिक कर बाहेक रु. १,००,०००/- (अक्षररुपी एक लाख रुपैया मात्र) निर्धारण गरेकोमा सोलाई यस वार्षिक साधारण सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

४. कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण गर्नको लागि एनवीएसएम एण्ड एसोसिएटस्का चार्टर्ड एकाउन्टेन्ट, दुर्गा प्रसाद ज्ञवालीज्यूलाई नियुक्ती गर्ने र निजको पारिश्रमिक मु.अ.क. बाहेक रु.१,००,०००/-(अक्षरुपी एक लाख रुपैया मात्र) निर्धारण गर्ने र यदी आईक्यानबाट निर्धारित पारिश्रमिक तय भई कम्पनीको पुँजीको आधारमा लागु गर्ने अवस्था भएमा सोही बमोजिम नै पारिश्रमिक दिने निर्णय पारित गरियो ।

५. सञ्चालक समितिको पदपुर्ती र स्वतन्त्र संचालकको नियुक्तीलाई अनुमोदन गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनीको महिला संचालकले केही समय अगाडी संचालक पदबाट राजिनामा दिई वाहिरिनु भएको र अर्को स्वतन्त्र संचालकको नियुक्ति हालको संचालक समितिले वार्षिक साधारण सभा भन्दा अगाडी गर्न नसकिएको हुँदा उक्त २ खाली महिला र स्वतन्त्र संचालक नियुक्ती गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

६.विविध

हाल सामान्य प्रस्तावमा विविध विषय नरहेको ।

(ख) विशेष प्रस्तावहरु:

१. कम्पनीको चुक्ता पुंजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन (Right Share Issue) गर्दा थप हुन आउने २६,४०,००० थान शेयर गरी कम्पनीको कुल शेयर संख्या ५२,८०,००० थान शेयर हकप्रद शेयर निष्काशन गर्ने सर्वसम्मत निर्णय गरियो तथा सो सम्वन्धमा सम्पुर्ण कार्य गर्न गराउन

DIBYASHWARI

संचालक समितीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो । साथै उक्त संचालक समितीबाट पनि श्री बुद्ध कृष्ण मानन्धर र श्री खड्क बहादुर राउतज्यूलाई विशेष अधिकार दिने निर्णय समेत गरियो ।

२. कम्पनीको हकप्रद शेयर निष्काशन (Right Share Issue) गर्दा कम्पनीको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धमा छलफल गर्दा तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

चुक्ता पुँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन पश्चात कम्पनीको प्रवन्धपत्रको दफा ६(ख) र (ग) मा भएको जारी र चुक्ता पुँजी साविकमा रु.२६,४०,००,०००।- बाट वृद्धि गरी हाल रु.५२,८०,००,०००।- रहनेछ सो पुँजीलाई प्रति शेयर १०० दरका २६,४०,००० किक्ता थान शेयरमा विभाजन गरिएको छ ।

कम्पनीको शेयर लकिङ्ग पिरेड खुल्ला भई संस्थापक शेयरधनी सर्वसाधारण शेयरधनीमा परिणत भएका कारणबाट प्रवन्धपत्रको दफा ६(घ) समुह क र ख मा संस्थापक शेयरधनीको समुह र सर्वसाधारण शेयरधनीको समुहलाई एकिकृत गरी साधारण शेयरधनीमा परिणत गर्ने निर्णयमा संशोधन भई हाल ६(घ) मा यस कम्पनीमा साधारण शेयरधनी रहनेछन् ।

नियम २७(२)(क) र (ख) ४ जना र २ जना संचालक निर्वाचित हुने भन्ने व्यवस्थामा नियम २७(२)(क) मा संशोधन भई कम्पनीको साधारण शेयरधनीबाट १ जना महिला सहित ६ जना संचालक हुनेछ ।

नियमावलीको नियम ५० मा अन्य आवश्यक कुराहरु : संशोधन भई नयाँ संचालक समितिमा निर्वाचित वा मनोनित हुने संचालकले कम्पनीको ऋण रकमको सम्वन्धमा व्यक्तिगत जमानत स्वीकार गर्नु पर्नेछ । भन्ने थप व्यवस्था पारित गरियो ।

३. यस कम्पनीको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्दाका बखत काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३४ मा रहने भनी उल्लेख गरिएकोमा सो ठेगानामा संघिय संरचना अनुसार वडा परिवर्तन हुन गएको कारणबाट कम्पनीको साबिकको ठेगानाबाट काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३४ लाई संशोधन गरी काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३१ मा संशोधन गरी ठेगानालाई देहाय बमोजिम २/२ प्रति टाइप गरी प्रबन्ध-पत्रको दफा २ तथा नियमावलीको २ मा भएको संशोधनलाई कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

## प्रबन्ध-पत्रमा भएको संशोधनको व्यहोरा

**दफा २. कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना:**

यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३१ मा रहनेछ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य स्थानमा कम्पनीको रजिष्ट्रर्ड कार्यालय नै सार्न सकिनेछ ।

## नियमावलीमा भएको संशोधनको व्यहोरा

**नियम २. कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना:**

यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३१ मा रहनेछ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य स्थानमा कम्पनीको रजिष्ट्रर्ड कार्यालय नै सार्न सकिनेछ ।

DIBYASHWARI

(४) कम्पनीले साझा उद्देश्य भएका अन्य इच्छुक कम्पनीसंग मर्जर/प्राप्ती सम्वन्धी सम्झौता गर्ने निर्णय गरियो । उक्त कार्यका लागि संचालक समितीलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत गरियो ।

(५) कम्पनीको हकप्रद शेयर निष्काशन (Right Share Issue) संग सम्बन्धीत कम्पनीको प्रवन्धपत्र र नियमावली तथा अन्य कानुनी संशोधन सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**(ग) विविध**

१. विविध सम्बन्धमा प्रस्तुत साधारण सभाले यस कम्पनीको बार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणीत गर्न तथा आधिकारीक हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा छलफल गर्दा शेयरधनीहरु श्री निरुपमा गुप्ता र डमरु बल्लभ घिमिरेज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२. अन्त्यमा यस वार्षिक साधारण सभाबाट निर्णय गर्न अन्य विषय नभएको हुँदा अध्यक्षज्यूले कम्पनीको प्रस्तुत वार्षिक साधारण सभा विसर्जन भएको जानकारी सभालाई गराउनु भयो ।

DIBYASHWARI HYDROPOWER LTD. ESTD. 2007

| | | |
|---|---|---|
| ............ | | ............ |
| श्री निरुपमा गुप्ता | | श्री डमरु बल्लभ घिमिरे |
| शेयरधनी | | शेयरधनी |